# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम २०८२ साल वैशाख देखि असार मसान्त सम्मको

## कार्य प्रगति(वार्षिक प्रगति)

## सार्वजनिक गरिएको विवरण

स्वतः प्रकाशन

( Proactive Disclosure )

लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने आ.व.२०८०।०८१ को तेस्रो त्रैमासिक (वैशाख,जेठ र असार)को विवरण

१. कार्यालयको स्वरूप र प्रकृति

सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशको कुल बजेटमध्ये शिक्षा, युवा तथा खेलकुद, विज्ञान तथा प्रविधि र सामाजिक विकास तर्फ बजेट विनियोजन हुने तर यी क्षेत्रहरुको जिल्ला स्तरमा कार्यान्वयन इकाई नहुँदा सेवा प्रवाह अपेक्षित रुपमा प्रभावकारी हुन नसकेको महशुस भई सेवा प्रवाहलाई सरल र थप प्रभावकारी बनाउन तत्कालको लागि शिक्षा तथा सामाजिक विकास मन्त्रालय र शिक्षा तथा सामाजिक विकास निर्देशनालयको दरबन्दी पुनः संरचना गरी प्रदेशका १२ वटा जिल्ला समेट्ने गरी २/२ जिल्ला हेर्न सामाजिक विकास डिभिजन कार्यालय स्थापना र संचालन गर्न आवश्यक सम्झि शिक्षा तथा सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश बुटवलको मिति २०७६।०७।०८ को मन्त्री स्तरीय निर्णयबाट स्वीकृत प्रस्तावलाई प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७६।०७।१८ को बैठकले स्वीकृत जनाएसँगै यस प्रकृतिका कार्यालयहरुको स्थापना भएको हो । तदनुरुप, गुल्मी र पाल्पा जिल्ला कार्यक्षेत्र रहने गरी पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा रहेको शिक्षा तालिम केन्द्रको भवनमा मिति २०७६।०८।१२ गते सामाजिक विकास डिभिजन कार्यालय, पाल्पा उद्घाटन भई सोही मितिबाट यस कार्यालय संचालनमा रही आएको छ।

२. कार्यालयको काम, कर्तव्य र अधिकार

यस कार्यालयको कार्य विवरण अन्तरगतका कार्यक्रमहरुको कार्यान्वयन र सम्पादन सम्बन्धमा सूचना गर्ने, सम्झौताहरु गर्ने, आवश्यक सल्लाह सुझाव एवं निर्देशन दिने तथा कार्यक्रमहरुको नियमन/अनुगमन गर्ने जस्ता कार्यहरु यस निकायको काम कर्तव्य र अधिकार भित्र पर्दछन।

**सामाजिक विकास डिभिजन कार्यालय, पाल्पाको कार्य विवरणः**

- उच्च शिक्षाको गुणस्तर अभिबृद्धिका लागि सामुदायिक क्याम्पसहरुको पूर्वाधार सुचना तथा संचार प्रविधि पुस्तकालय फर्निचर आदिमा सहयोग पुर्याउने कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।
- विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि प्रदेश सरकारद्वारा तोकिएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
- महिला हक हित महिला सशक्तिकरण र लैंगिक समानता सम्बन्धीका कार्यक्रमको कार्यान्वयन ।
- लैङ्गिक हिंसा, मानव बेचबिखन ओसारपसार बिरुद्धको सचेतिकरण तथा अन्य कार्यक्रम
- वालवालिकाको हकहित संरक्षण सम्वन्धीका कार्यक्रमहरु कार्यान्वयन ।
- वालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, वालउद्धार कोष, वालसुधार तथा पुनस्थापना कार्यक्रमहरु कार्यान्वयन ।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र सहयोग सम्बन्धी कार्यक्रमहरु ।
- युवाहरुको रोजगारी र स्वरोजगारीका लागि प्रादेशिक नीति अनुरुपका कार्यक्रम तथा युवा बैज्ञानिक प्रोत्साहनका कार्यक्रमहरु कार्यान्वयन ।
- खेलकुद सम्बन्धी प्रादेशिक नीतिको कार्यान्वयनका लागि खेलकुद पुर्वाधारको निर्माणमा सहयोग तथा खेलकुदका कार्यक्रमहरुको कार्यान्वयन ।
- लोपोन्मुख, सिमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित कार्यक्रम कार्यान्वयन ।
- जिल्ला स्तरमा हुने विज्ञान प्रविधि सम्वन्धी कार्यक्रमको कार्यान्वयन ।

कार्यालय प्रमुख

३. निकायमा रहने कर्मचारी संख्याः स्थायी ३ र ६ अन्य ।

कार्य विवरण (सवै प्रकारका दरबन्दीको विवरण र कार्य विभाजन राख्ने)

| क्र.स. | पद | श्रेणी/तह | दरबन्दी संख्या | पदपूर्ति संख्या | करार द्वारा पुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | उपसचिव | नवौं/दशौं | १ | १ | - | - | |
| २. | अधिकृत | सातौं/आठौं | १ | - | - | १ | |
| ३. | सहायक/अधिकृत | पाचौं/छैटौं | २ | १ | - | १ | |
| ४ | इन्जिनियर | | १ | १ | - | - | करार/ स्वयंसेवकबाट पदपूर्ती |
| ५ | सब-इन्जिनियर | | १ | - | - | १ | स्वयंसेवकबाट पदपूर्ती असार मसान्तमा म्याद सकिएको |
| ६ | सहायक कम्प्यूटर अपरेटर | | १ | - | - | १ | स्वयंसेवकबाट पदपूर्ती असार मसान्तमा म्याद सकिएको |
| ८ | हल्का सवारी चालक. | श्रेणी विहिन | १ | - | १ | - | |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ | - | १ | - | |
| | जम्मा | | ९ | ३ | २ | ४ | |

नोटः यस कार्यालयका लागि लेखाको कामकाज लेखा समुह (पाचौं/छैटौं तह) का लेखापाल/अधिकृत कर्मचारीबाट गराउन बजेट व्यवस्था रहेको भएता पनि पदपुर्ति नहुदा कोष तथा लेखा नियन्त्रक कार्यालय पाल्पामा कार्यरत कर्मचारीबाट कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ ।

## ४. निकायबाट प्रदान गरिने सेवा

प्रदेश सरकारबाट जिल्ला र स्थानीय स्तरमा हुन सक्ने शिक्षा, युवा तथा खेलकुद, विज्ञान तथा प्रविधि र सामाजिक विकास सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन नै यस निकायबाट प्रदान गरिने विषयगत सेवाका क्षेत्रहरु हुन ।

## ५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

हाल सेवा दस्तुर लाग्ने कार्यक्रम नरहेको ।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकार

ऐन नियम तथा तालुक कार्यालयहरुबाट प्राप्त पत्र बमोजिम कार्यालय प्रमुखबाट

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

गुनासो/ उजुरी सुन्ने अधिकारीः ऋषिराम पाण्डे, प्रा.स.

पुनरावेदन सुन्ने अधिकारीः मित्र प्रसाद गौतम, कार्यालय प्रमुख

कार्यालय प्रमुख

८. सम्पादन गरेको कामको प्रगति विवरण

- १२५ वटा भौतिक पूर्वाधार सम्वन्धी योजनाहरु सम्पन्न भएको ,
- स्काउट गतिविधि संचालन गरिएको
- सामाजिक विकास पूर्वाधार सचेतना कार्यक्रम १४ विद्यालय संचालन गरिएको ,
- महिला बालबालिका अपाङ्ग तथा जेष्ठ नागरिक सम्वन्धी १० वटा कार्यक्रम संचालन गरिएको
- मेरो विद्यालय मेरो दायित्व अभियान पाल्पा र गुल्मीका ५ वटा विद्यालयमा संचालन गरिएको ,
- वि.व्य.स./शिक्षक/कर्मचारी प्रोत्साहन तथा सम्मान कार्यक्रम पाल्पा र गुल्मीमा संचालन गरिएको

## आ.व.२०८१।०८२ को वार्षिक प्रगति विवरण

| कार्यक्रम | बजेट रु. | खर्च | बाँकी | प्रगति |
|---|---|---|---|---|
| 350010123-सामाजिक विकास कार्यालयहरु | 7377000 | 4353030 | 3023970 | 59.01 |
| 350010124-सामाजिक विकास कार्यालयहरु | 350000 | 283179 | 66821 | 80.91 |
| 350000183-युवा तथा खेलकुद कार्यक्रम | 10456000 | 5793754 | 4662246 | 55.41 |
| 350000184-युवा तथा खेलकुद कार्यक्रम | 41800000 | 16490462 | 25309538 | 39.45 |
| 350000193-उच्च शिक्षा कार्यक्रम | 4249000 | 3770897 | 478103 | 88.75 |
| 350000194-उच्च शिक्षा कार्यक्रम | 1215000 | 0 | 1215000 | 0.00 |
| 350000143-शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्य | 54380000 | 39867379 | 14512621 | 73.31 |
| 350000144-शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्य | 67452000 | 43284235 | 24167765 | 64.17 |
| 350000223-नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम | 14420000 | 7149521 | 7270479 | 49.58 |
| 350000224-नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम | 1000000 | 920969 | 79031 | 92.10 |
| 350000233- विज्ञान तथा प्रविधि विकास कार्यक्रम | 500000 | 0 | 500000 | 0.00 |
| 350911283- विद्यालय शिक्षा क्षेत्र योजना संघ शर्सत अनुदान | 3585000 | 3449337 | 135663 | 96.22 |
| जम्मा | 206784000 | 125362763 | 81421237 | 60.62 |

कार्यालय प्रमुख

९. सूचना अधिकारी र प्रमुखको नाम र पद

| कार्यालय प्रमुख | सूचना अधिकारी |
| --- | --- |
| नामः मित्र प्रसाद गौतम | नामः ऋषिराम पाण्डे |
| पदः कार्यालय प्रमुख | पदः प्रा.स. |
| सम्पर्क नं. ९८५७०७७६२० | सम्पर्क नं. ९७६३६७७६२२ |

१०. सार्वजनिक निकायको वेवसाइटः sddopalpa.lumbini.gov.np

सम्पर्कको लागि कार्यालयको फोन नं. ०७५-५९००२०

११. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः छैन ।

१२. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समयावधीः छैन ।

१३. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः छैन ।

१४. सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने सोको विवरणः वेवसाइट र सूचना पार्टी

तयार गर्ने

..........................

ऋषिराम पाण्डे

सूचना अधिकारी

प्रमाणित गर्ने

..........................

मित्र प्रसाद गौतम

कार्यालय प्रमुख

कार्यालय प्रमुख